२. राइनास नगरपालिकको विभिन्न भागलाई लक्षित गरेर घोषणा भएका धान उत्पादन प्रवर्द्धन, मौरी विकास, बाखापालन, मसलावाली, कोदोबाली, गाइ भैसीपालन तथा दुधउत्पादन, फलफूल जस्ता घोषणा भएका पकेट कार्यक्रमलाई उत्पादन नतिजामा बढोत्तरी हुने गरी सञ्चालन गरिनेछ।

३. लोप हुँदै गएका स्थानीय जातका गाई प्रवर्द्धन तथा संरक्षणको लागि विभिन्न संस्थाको सहकार्यमा गौशाला निर्माण तथा सञ्चालन गरिनेछ ।

४. कृषि अनुदानलाई प्रत्यक्ष उत्पादनसँग आवद्ध गराउन र अवास्तविक कृषकले अनुदान पाउने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ । सबै प्रकारका कृषि उपजहरूको खरिद विक्री सहज रूपमा हुने गरी डिजिटल हाट एप्स मार्फत कृषि संकलन केन्द्र स्याउलीबजारमा साप्ताहिक रूपमा हाटबजार सञ्चालन गरिनेछ।हाटबजारमा खपत नभएका कृषि उपजहरूलाई सहकारीसँगको साझेदारीमा बजारीकरणको व्यवस्था मिलाइनेछ।

५. भूमिको उत्पादन र उत्पादकत्व वढाउन भूमिको अव्यवस्थित खण्डिकरणलाई निरूत्साहित गर्दै व्यवस्थित एवं वैज्ञानिक चक्लावन्दीलाई प्रोत्साहन गर्ने भू-उपयोग नीति कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सरकारको साझेदारीमा वडा नं ०६ गांगटेमा १२८ रोपनी जमिनको वैज्ञानिक चक्लाबन्दी गरी नमूना रूपमा खेतियोग्य जमिन बनाउने कार्यलाई प्रदेश सरकारको सहकार्यमा सम्पन्न गरिनेछ । साथै अन्य कृषियोग्य भूमिमा समेत चक्लाबन्दी कार्यक्रम अगाडि बढाइनेछ। कृषि क्षेत्रमा प्रविधिकरण र व्यवसायकीकरण गरी उत्पादन लागत घटाउने र आय वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ। साथै भौगोलिक विविधतामा रहेका प्राकृतिक श्रोत साधन, जैविक विविधता तथा औषधिजन्य प्राकृतिक जडिबुटीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने नीति समेत अवलम्वन गरिनेछ।

६. सवै प्रकारका पशुपंक्षीमा संक्रमण हुने आन्तरिक तथा वाहय परजीवी विरूद्धको औषधि र आकस्मिक उपचारमा प्रयोग हुने औषधि निशुल्क वितरण कार्यलाई निरन्तरता दिइनेछ। यसका लागि प्रत्येक वडाका मुख्य वस्तीहरूमा घुम्ती पशुसेवा कार्यक्रम सञ्चालन गरिनेछ। पशुमा हुन सक्ने विभिन्न महामारी विरूद्ध प्रभावकारी कदम चालिनेछ।

७. नगरक्षेत्र भित्र उत्पादन हुने कृषि तथा गैरकृषि उपजहरूलाई राइनासको पहिचान सहितको ब्राण्डिङ्ग, प्याकेजिङ्ग र लेवलिङ्ग कार्यलाई निरन्तर गरिनेछ।

८. कृषि क्षेत्रको उत्पादनमा उत्पादकत्व वृद्धि गर्न उन्नत बिउ उपयोगमा अनुदानको व्यवस्था मिलाइनेछ। नगरक्षेत्र भित्र रैथाने तथा उन्नत बिउ उत्पादन गर्ने समुह सहकारीलाई प्रोत्साहन गरिनेछ। कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तरगत गर्भाधान विज निशुल्क उपलब्ध गराइनेछ। कृत्रिम गर्भाधान सम्वन्धी सेवा शुल्कमा केही परिमार्जन गरिएको छ।

९. बाँझो तथा उपयोग नभएका जमीनहरूलाई भाडामा दिई व्यावसायिक प्रयोग गर्न प्रोत्साहित गरिनेछ । कम्तीमा ५० रोपनी जमिन १० वर्ष भाडामा लिई व्यवसाय गरेमा व्यवसाय शुरू गरेको ६ महिनापछि नगरपालिकाबाट तोकिएको रकम अनुदान दिइनेछ। यसबाट कृषि क्षेत्रमा व्यावसायिकरण गर्न प्रोत्साहन हुनेछ। आफ्नो जमीनमा खेती गर्न नसक्ने जग्गाधनीहरू मिलेर कम्तीमा १० वर्षको लागि ५० रोपनी क्षेत्रफल व्यावसायिक प्रयोगमा आउन सक्ने जमिन भाडामा दिन इच्छुक व्यक्ति/समुहले नगरपालिकामा विवरण सहित निवेदन दिएमा नगरपालिकाले सहजिकरण गर्नेछ। जग्गा भएका तर खेती नगर्ने

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

जग्गा धनीलाई आफैं खेती गर्न, जग्गा भाडामा दिन तथा सामूहिक खेती गर्न प्रोत्साहन गरिनेछ। जग्गा बाँझो राखे र उपयोगका लागि भाडामा समेत दिन नचाहने जग्गा धनीहरूलाई निरूत्साहित गर्ने नीति लिइनेछ ।

१०. कृषि पेशालाई सम्मानित पेशाको रूपमा विकास गर्न लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण, रोजगारी सृजना, बजारीकरण, बृहत पशुपालन एवं कृषि कार्यको लागि सार्वजनिक निजी-सहकारी-नागरिक साझेदारी अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

११. कृषि व्यवसायमा प्रतिस्पर्धा भित्र्याउन, युवाहरूलाई कृषि कार्यमा प्रोत्साहन गर्न विभिन्न पाँच विधामा नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२. नगरपालिकाको वडा नं ६ को स्याउलीमा रहेको औद्योगिक ग्राममा पूर्वाधार निर्माण गरिएको माछामासु प्रशोधन केन्द्रलाई यस आ.व.मा सम्पन्न गरी प्राङ्गारिक मल उत्पादनमा जोड दिइनेछ।

१३. वन पैदावरमा आधारित उद्योग, कृषि उपज प्रशोधन उद्योग, काष्ठकला उद्योग, घरेलु तथा लघु उद्योग विकासका लागि प्रोत्साहन गरिनेछ।

१४. बाँदर लगायतका "बन्यजन्तु वनमा नै रमाउन्, घर गाउँमा नसताउन्" भन्ने उद्देश्यले वन क्षेत्रमा विभिन्न प्रजातीका हावापानी अनुकूलका फलफूल तथा बोटबिरूवा रोपण तथा संरक्षण गर्न वनउपभोक्ता समिति, स्थानीय बासिन्दा र जनप्रतिनिधि सामुहिक साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

१५. नगर क्षेत्रभित्रका बेरोजगार युवा जनशक्तिलाई रोजगारी उपलब्ध गराउन विगतमा विभिन्न सीपमुलक तालिम लिई बसेका दक्ष जनशक्तिको खोज तथा परिचालन गरी विभिन्न घरेलु उद्योग, काष्ठकलाका सामग्री उत्पादन कार्यलाई प्रोत्साहन दिइनेछ।

१६. सहकारी संस्थाको जवाफदेहिता र क्रियाशिलता प्रवर्द्धन गर्न सहकारी सदस्य तथा संस्थाहरूको हित संरक्षण एवं सवलीकरणमा नगरपालिकाले उचित ध्यान दिनेछ। सहकारी संस्थाहरूको अर्धवार्षिक तथा बार्षिकरूपमा अनुगमन तथा प्रचलित कानुन अनुरूप नियमन गरिंदै लगिनेछ ।"सहकारीको मन्त्र आत्मनिर्भर अर्थतन्त्र" भन्ने नारालाई सार्थक बनाउन सहकारी क्षेत्रको बचतलाई उद्यमशिलता विकास, उत्पादनमूलक क्षेत्र, कृषि विकास तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गरिनेछ। सहकारीसँगको साझेदारीमा दुग्धजन्य उद्योग खोल्न पहल गरिनेछ ।

१७. गुणस्तरीय वस्तु सुपथ मूल्यमा नियमित रूपमा प्राप्त गर्ने नागरिकको अधिकारलाई सम्मान गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ। उपभोक्ता जागरण अभियान सञ्चालन गर्न उपभोक्ता हित मञ्च गठन गरिनेछ।

१८. विभिन्न संघ संस्था,उद्योगपति, सहकारीहरु साथै व्यक्तिगत लगानिमा यस पालिका भित्र व्यापार व्यवसाय तथा उद्योगधन्दा सञ्चालन गर्न ऋण लागानिको लागि आह्वान गरिनेछ ।

१९. सबै प्रकारका उद्योग, व्यवसाय, पेशाको दर्ता नविकरण, नियमन, अनुगमनलाई विधिसम्मत, सहभागितामुलक र व्यवसायमैत्री बनाइनेछ। युवा उद्यमशिलता विकास गर्न कृषक समूह, सहकारी र निजी बैङ्क तथा वित्तीय संस्थाहरूसँग सहकार्यमा सहुलियत पूर्ण कर्जा, उत्पादनमा आधुनिकीकरण एवं यन्त्रीकरण र बजारिकरणको व्यवस्थापन गरिनेछ।

२०. सवारीधनी नगरिकले सर्वसुलभ तबरबाट इन्धनको प्रयोग गरुन् भन्ने उद्देश्यले इन्धन डिपोहरुको सहकार्यमा यस नगरपालिका भित्र एक इन्धन डिपो सञ्चालनको लागि पहल गरिनेछ ।

२१. पढ्दै कमाउदै अवधारणामा प्राविधिकधार सञ्चालन विद्यालयमा अध्यनरत विद्यार्थीहरूले उत्पादन गरेका उत्पादनहरूलाई बजारिकरणको व्यवस्था मिलाइनेछ।

**पर्यटन क्षेत्र**

२२. नगर क्षेत्रभित्रको भौगोलिक विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई आन्तरिक तथा बाह्य पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रूपमा स्थापित गरिनेछ। त्यसका लागि पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण, प्रवर्द्धन गर्न नगर पर्यटन गुरूयोजना तर्जुमा, पर्यटकिय क्षेत्रको नक्शाङ्कन, नवीन पर्यटकीय उपजहरूको विकास, पर्यटन पूर्वाधारहरू निर्माण, प्रचार प्रसार गरी एकिकृत पर्यटनको अवधारणा कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

२३. राइनासकोट एकीकृत पर्यटकीय पूर्वाधार कार्यक्रम अन्तर्गत साइकल ट्रेल, पद मार्ग स्तरोन्नती, प्याराग्लोईडिङ उडान, अवतरण कक्ष, यात्रु कक्ष, बुद्धपार्क, राइनासकोट लालीगुँरास पार्क, अतिथि घर, कोशेली घर निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

(हस्ताक्षर)
... बहादुर गुरुङ
नगर प्रमुख



CamScanner

२४. चेपे, चेपेघाट, चक्रतीर्थधाम, धर्मनाथ धाम, भक्ति पार्क, जोगी गुफा, सिद्धबाबा क्षेत्र, गोरखनाथ र राइनासकोट क्षेत्रलाई विशेष संरक्षित क्षेत्र घोषणा गरी राइनास हेरीटेजको रूपमा विकास गरिनेछ। नगरपालिकाको अनुमति विना कुनै पनि संरचना बनाउन प्रतिबन्ध गरिएकोछ। पिण्डेश्वर धाम, चमेरे गुफा, साल्मेकोट, झाक्रियान, सन्तानेश्वर मन्दिर, अकला मन्दिर, शिव खड्गद्वेत्री मन्दिर, मनकामना मन्दिर, घडेरीदेवी मन्दिर, शिव दुन्दुर, चेपे राइनासकोट पदमार्ग, कुसुन्डे पार्क, नयाँपौवा वनस्पती पार्क तथा शिवालय मन्दिर, महारूद्र मन्दिर, मेजर गाउँ वगैचा वनभोज स्थल, सिम्ले पार्क, गौलीटार पार्क, नर्सरी पार्क, पन्येडाँडा कालिका मन्दिर, रूद्रदेवी मन्दिर, धार्मिक गुम्बाहरू, टिमुरे वालउद्यान, टिमुरे उपल्लो वगैचा पार्क, नागेटाँटी पार्क, गोरखनाथ मन्दिर पन्येडाँडा, भकनपुर कालिका मन्दिर, राइनासकोट सामुदायिक हमस्टे कुमाल गाउँ होमस्टे लगायतका पर्यटकीय क्षेत्रहरूको स्तरोन्नती गरी पर्यटन प्रवर्द्धन गरिनेछ। मुस्लिम समुदायको भाषा तथा शिक्षा, मदरसा, मस्जिद र कवरस्थानको निर्माण एवं संरक्षण गरिनेछ। विभिन्न जातजातिहरूको विशिष्ट मौलिक जात्रा, पर्व, मेला, भेषभुषा, भाषा, कला, साहित्य आदिको संरक्षण प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

नगर सभासदज्यूहरू,

अब म सामाजिक क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सामाजिक क्षेत्र

२५. हाम्रो विद्यालय हाम्रो जिम्मेवारी भन्ने भावना जागृत गरी स्वच्छ, शान्त, वातावरणमैत्री प्रविधियुक्त गुणस्तरीय शैक्षिक वातावरणमा अध्ययन गर्न पाउने बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक बिच नियमित अन्तरसंवाद गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय हरियाली कार्यक्रम, सूचना प्रविधिको व्यवस्था, बाल कक्षा कार्यक्रम र अतिरिक्त शैक्षिक क्रियाकलाप नियमित रूपमा सञ्चालन गरिनेछ।

२६. सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको बैंक खाता खोली नगरपालिका र अभिभावकले क्रमश वार्षिक रू. ६०० जम्मा गरी बाल बचत गर्ने कार्य शुरू भैसकेको छ। उच्च शिक्षा अध्ययनमा सहयोग पुग्ने उद्देश्यले ल्याइएको उक्त कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ।

२७. शिक्षक सरूवा, दरबन्दी मिलान, काज, कक्षा कोठा व्यवस्थान, डिजिटल लाइब्रेरी, विद्यालय भवन, शिक्षक एवं विद्यालय कर्मचारीलाई तालिम, बालविकास सहजकर्ता तालिम, अभिभावक शिक्षा, विद्यालय निरीक्षण/अनुगमन र छात्रावास निर्माण मार्फत शैक्षिक गुणस्तर सुदृढ गरिनेछ। ठूला र आवासीय विद्यालयको अवधारणा उपर वहस पैरवी गरिनेछ। यो आर्थिक वर्षलाई शिक्षा विशेष वर्षको रूपमा अगाडि बढाइनेछ। नगरपालिकाको शैक्षिक सूचक पुरा गर्न उच्च शिक्षा अध्ययनको लागि कलेज सञ्चालनको वातावरण मिलाइनेछ।

२८. शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरूलाई स्वयं अनुशासित, उत्तरदायी र जवाफदेही बनाउन उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिनेछ। विद्यालयमा सहपाठी शिक्षण, टिम सुपरभिजन कार्यक्रमलाई जोड दिइनेछ।

२९. सामुदायिक विद्यालयहरूको वित्तीय अनुशासन कायम गर्न एकीकृत विद्युतीय लेखा प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

३०. हाल सरकारले सामुदायिक विद्यालयमा संचालन गरिरहेको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

३१. सामुदायिक विद्यालयहरूको गुणात्मक विकासका लागि आवश्यक नीति, पूर्वाधार विकास र शिक्षक एवं विद्यालय प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ। आर्थिक रूपमा विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा सम्मको पहुच सुनिश्चित गर्न आवश्यक पहल गरिने छ। साथै अपाङ्गमैत्री बालमैत्री विद्यालयको अवधारणालाई उच्च प्राथमिकतामा राखिनेछ।

३२. योग्य, सीपयुक्त प्राविधिक जनशक्ति विकासको लागि प्राविधिकधार संचालित विद्यालयहरूको क्षमता विकास गरिनेछ। ति विद्यालयहरू बीचमा नियमित सम्वाद र समन्वय हुने व्यवस्था मिलाइनेछ।

३३. शिक्षक विद्यार्थीहरूमा वैज्ञानिक खोज, नवप्रवर्धनात्मक कार्यको विकास गर्दै प्रविधिको क्षेत्रमा प्रतिभाको विकास गर्ने उद्देश्यले संचालन गर्दै आइरहेको शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यलाई निरन्तरता दिइनेछ ।

३४. प्राविधिकधार संचालित सामुदायिक विद्यालयमा सिक्दै कमाउदै,कमाउदै रमाउदै कार्यक्रमलाई प्रोत्साहन दिइनेछ। पालिका भित्रका विद्यालयहरूमा भएका असल अभ्यासलाई प्रवर्द्धन गरिनेछ ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

३५. राइनासको मौलिकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्य सामग्री तयार गरी कार्यान्वयनमा जोड दिइनेछ।

३६. तनाव व्यवस्थापन तथा मानसिक रोगको न्युनिकरणका लागि योग, ध्यान तथा नैतिक शिक्षालाई विषेश प्राथमिकतामा राखिनेछ । खेल र खेलाडीमा लगानी अभिवृद्धि गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भ्रातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गरिनेछ। त्यसका लागि वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाउने, खेल र खेलाडीहरूको एकिकृत अभिलेख राख्ने, विभिन्न खेलको आयोजना गर्ने, खेलाडीहरूको स्तर निर्धारण गरिनेछ। नगर क्षेत्रभित्र आयोजना गरिने सबै प्रकारका खेलकुद आयोजना गर्नुपूर्व नगरपालिकाको पूर्व स्वीकृति अनिवार्य गरिनेछ।

३७.नगर क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था र सेवा प्रवाहलाई वढी प्रतिफलमुखी बनाउन, आवश्यक स्वास्थ्य सेवा, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था बीच सन्तुलन कायम गराउन संघ संस्थाहरूसँगको सहकार्यमा शिविरहरू सञ्चालन गरिनेछ। सुनौला हजार दिनका आमा एवं बच्चाको स्वास्थ्यमा सुधार गर्न सन्तुलित पोषण र संस्यागत सुत्केरी अभियानको सुनिश्चितताको लागि नगद प्रोत्साहनको व्यवस्थालाई कायमै राखिनेछ। जनसंख्या बृद्धिको लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

३८.नगरको गौरवको रूपमा रहेको नगर अस्पताल पूर्वाधार निर्माण सम्पन्न गरी दक्ष चिकित्सक, स्वास्थ्यकर्मी र मेडिकल उपकरणको व्यवस्था गरी संचालनमा ल्याइने छ। स्वास्थ्य कार्यक्रमहरूको विद्युतीय अभिलेख (Electronic Medical Record) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३९.संस्थागत प्रसुती सेवालाई विस्तार गरी नागरिकको पहुँचमा पुऱ्याउन स्थापना भएका वर्थिङ सेन्टरलाई थप व्यवस्थित गरिनेछ। मातृ तथा नव शिशु कार्यक्रम, गर्भवती उत्प्रेरणा सेवा, आमा सुरक्षा, न्यानो झोला, निशुल्क सुरक्षित गर्भपतनको व्यवस्था मिलाइनेछ। महिला स्वयंसेविकालाई प्रोत्साहन, सुत्केरी महिलालाई नगद प्रोत्साहन र स्वास्थ्यकर्मीको सासाहिक भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ।एच.आई.भि. संक्रमितहरू प्रति समाजको दृष्टिकोण तथा भेदभाव हटाउन विशेष कार्यक्रम ल्याइनेछ साथै जेष्ठनागरिक घरदैलो सहितको आधारभूत उपचार सेवालाई निरन्तरता दिइनेछ।

४०. नागरिकहरूमा आयुर्वेद सेवाको पहुँच पुऱ्याउन जीवनशैली व्यवस्थापन, आहार विहार व्यवस्थापन, योग, ध्यान र आयुर्वेद सम्बन्धी स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिंदै यसका लागि नागरिक आरोग्य कार्यक्रम र पोषण संवेदनशिल कार्यक्रम संचालन गरिनेछ।

४१. नगरपालिका भित्र एम्बुलेन्स र शव बाहन सञ्चालन गर्न संघ, प्रदेश, सामाजिक संघ संस्थासँग सहकार्य गरिनेछ। नागरिकलाई अत्यावश्यक आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँचका लागि पहल गरिनेछ। ९८ प्रकारका औषधिहरू निशुल्क उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

४२. नसर्ने रोग तथा मानसिक रोग, आत्महत्या रोकयाम सम्बन्धी समस्यालाई न्युनिकरण गर्ने विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

नगरवासीहरूको जनधनको सुरक्षाको प्रत्याभुत गर्न जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणका देहाय अनुसारका नीति अख्तियार गरिनेछ।

४३. नगर क्षेत्र भित्रका दीर्घ रोगबाट प्रभावित आर्थिक अवस्था कमजोर भई उपचार गर्न कठिन भएका, प्राकृतिक एवं मानवीय कारणबाट सिर्जित प्रकोपमा परी अङ्गभङ्ग भएका नागरिकको उपचारका लागि संघ तथा प्रदेश सरकारबाट सञ्चालित अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाइनेछ। विपन्न नागरिकको तत्काल उपचारको लागि दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता गरिनेछ।

४४. विमा सेवा प्रदायक संघ संस्थाहरूको सहकार्यमा स्वास्थ्य विमा, पशु तथा कृषि विमा गर्न नगरवासीहरूलाई उत्प्रेरित गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४५. राइनास नगरपालिकालाई बालबालिकाको हकहित प्रवर्द्धन र प्रतिभा प्रोत्साहन गर्न आ.ब.०८२।०८३ भित्र बालमैत्री नगरपालिका बनाउने लक्ष्य सहित बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कार्यक्रमहरूलाई पूर्णता दिइनेछ।

४६. विपन्नताका कारण विद्यालय बाहिर रहनुपर्ने विद्यालय उमेर समूहका अति विपन्न बालबालिकालाई विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्न शैक्षिक सामग्री सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ।



खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CamScanner

४७. नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरूको क्षमता पहिचान गरी तालिम एवं सीप विकास कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी रोजगारी प्रत्याभूत गरीं स्वावलम्बी बनाइनेछ।

४८. महिला सशक्तीकरण र सवलीकरण, महिला उद्यमशिलता प्रवर्द्धन, रोजगारी सृजना र सम्पत्तिमा महिलाको पहुँच विस्तार गर्नका लागि विभिन्न किसिमका सीपमुलक/क्षमता विकास तालिम (दुना टपरी, हलुका सवारी साधन चालक तालिम, साबुन, सिस्नोको पाउडर, बाँसको हस्तकलाको सामान उत्पादन सम्बन्धी तालिम, कृष्टल/पोतेको माला बनाउने तालिम आदि) दिई निजहरूबाट उत्पादित सामाग्रीहरूको बजारीकरण र उद्योग सञ्चालनको लागि सहजिकरण गरिनेछ।

४९. समाजमा विद्यमान बाल विवाह, यौन हिंसा, घरेलु हिंसा, छुवाछुत न्यूनीकरण गर्न कानुनी साक्षरता कार्यक्रमलाई निरन्तरता गरिनेछ। नागरिकलाई समाजका सबै वर्ग समुदायको सह-अस्तित्वलाई प्रवर्द्धन गर्न नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। दलित समुदायको परम्परागत सीप, कला र पेशाहरूको आधुनिकीकरण गरी संरक्षण गरिनेछ।

५०. जेष्ठ नागरिकहरूको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न जेष्ठ नागरिक आश्रम तथा दिवा सेवा कार्यक्रम, जेष्ठ नागरिक मिलन केन्द्र, तनाव व्यवस्थापन तालिम र अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धी कार्यक्रम, बेवारिसे सडक मानवहरूलाई सम्मानजनक जीवनयापन, पुनर्स्थापना सायै परिवारिक पुनर्मिलन कार्यक्रमहरू मानव सेवा आश्रमसँगको समन्वयमा सञ्चालन गरिनेछ।

नगर सभासदज्यूहरू,

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**पूर्वाधार क्षेत्र**

५१. नगरपालिकाको मेरूदण्डको रूपमा रहेको वृहत राइनास चक्रपथलाई क्रमशः कालोपत्रे गरिनेछ। यसका लागि प्रदेश र संघसरकारसँगको सहकार्यमा आवश्यक श्रोत सुनिश्चित भएको श्रोतको प्रभावकारी परिचालन गरिनेछ ।

५२. राइनासटार सिंचाइ तथा पाङ्ग्रे हर्रावोट सिंचाइ आयोजनाको पानीको उपयोगलाई व्यवस्थित गर्न सफ्टवयरको प्रयोग गरिनेछ । जसले सिंचाइ सञ्चालन र सोको उपयोग बापत उपभोक्ताले तिर्ने महसुल थप व्यवस्थित हुनेछ । पहाडी क्षेत्रको गौरवको योजनाको रूपमा रहेको यस सिंचाइ आयोजनालाई संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा पुन निर्माण गर्दै लगिनेछ । आकस्मिक मर्मत गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ। राइनासटार सिचाई योजनाको शाखा विस्तार र अन्य साना सिचाई तथा कुलो निर्माण र मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

५३. गुणस्तरीय पिउनेपानीमा सबैको पहुँच पुन्याउन दिगो स्रोतको पहिचान, भू-सतहको पानीको उत्खनन र लिफ्टिङ प्रविधि प्रयोगमा ल्याइनेछ। आधारभूत रूपमा खानेपानीको पहुँच पुन्याइनेछ। एक घर एक धाराको अवधारणा अनुसार वडा नं ६, ७ र ८ का बस्तीहरूमा चामबोटे, तार्कुघाट, धमिलिकुवा वृहत्तर खानेपानी विस्तारको कार्य अन्तिम अवस्थामा पुगेको छ। राइनास वृहत खानेपानी योजना निर्माण कार्य सम्पन्न गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।

५४. विद्युत सुविधा नपुगेका घरहरूमा विद्युत विस्तार गर्ने, काठे पोलहरूको विस्थापन गर्ने, ट्रान्सफर्मर थप गरी सारभूतरूपमा विद्युतीकरण कार्यक्रम सम्पन्न गरिएको छ। मुख्य सडक तथा घना बस्ती रहेको टोल बस्तिहरूमा उज्यालो राइनास परिकल्पना साकार गर्ने उद्देश्यले जडान गरिएको सडक बत्तीको दायित्व व्यवस्थापन गर्न सम्बन्धित वडाका टोलविकास संस्थाको लागत सहभागितालाई जोड दिइनेछ।

५५. नगरपालिका भित्रका वडा कार्यालय जोड्ने मुख्य सडक संरचनाहरू स्तरोन्नती गरी बाह्रै महिना सडक सुविधा पुन्याउन आवश्यक व्यवस्था गरिनेछ। नयाँ सडक र ट्र्याक खोल्ने कार्यलाई निरूत्साहित गरिनेछ। ५ वर्षसम्म एकै प्रकारका वडा गौरवको आयोजनामा निरन्तर बजेट विनियोजन गरी देखिने प्रकृतिको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने लगानीलाई निरन्तरता दिइनेछ।

५६. टोल विकास संस्था, आमा समूह, युवा क्लव, जेष्ठ नागरिक दिवा सेवा केन्द्र, लगायतका गैर सरकारी संघ संस्थाको निर्माणाधीन अधुरा भवन निर्माण सम्पन्न गर्न प्राथमिकता दिइनेछ। नयाँ भवन निर्माण कार्यलाई निरूत्साहित गरिनेछ । एक अर्का संस्थाका भवनहरूलाई साझा उपयोगमा जोड दिदै यस प्रकारका भवनहरूमा प्रतिफल विश्लेषण गरी उच्च लाभ हुने भवनहरूमा मात्र लगानी गरिनेछ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख



CamScanner

५७. उपभोक्ता समितिबाट हुने कामलाई गुणस्तरीय, प्रतिस्पर्धी र दिगो बनाउन गुणस्तरीय एवं प्रभावकारी कार्यसम्पादन गर्ने र यथेस्ट श्रमदान गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ। विकास निर्माणको प्रकृति हेरी श्रमदानको अंश निर्धारण गरिनेछ।

५८. सार्वजनिक जग्गाको पहिचान, नक्सांकन र सीमांकन गरी संरक्षण र उपयोगमा ल्याउने कार्य प्राथमिकताका साथ गरिनेछ। अतिक्रमण न्यूनीकरण गर्न आवश्यक कानूनी तथा प्रशासनिक पहल गरिनेछ।

५९. नगर क्षेत्रको वातावरणीय सुधारका लागि सातविसे बजार, घमिलिकुवा र तीनपिप्ले क्षेत्रमा वृक्षरोपण, सौन्दर्यकरण, नगरपालिका भित्र एक नक्षत्र वाटिका, पार्क निर्माण लगायतका हरियाली कार्यक्रम सञ्चालन गरिनेछ।

६०. योजना दतदिखि सम्झौता र भुक्तानीसम्म सम्पूर्ण प्रक्रिया सफ्टवेयर प्रणालीमार्फत सहज, पारदर्शी र प्रभावकारी बनाइनेछ।

६१. जनसहभागितामा आधारित योजना प्रणालिलाई ६०:४० को लागत सहभागितामा (पालिका:उपभोक्ता) प्रस्तावित योजनालाई विशेष प्राथमिकता दिइनेछ।

६२. पालिकाबाट संचालित पूर्वाधारहरूको न्यूनतम पूर्वाधार गुणस्तर सुनिश्चित गर्न उपकरणसहितको प्रयोगशाला स्थापना गरी क्रमिक रूपमा स्तरोन्नति गरिनेछ।

६३. निर्माण श्रमिक ज्याला, सामग्री ढुवानी लगायत विषयमा स्थानिय अनुकुल दररेट तयार पारिनेछ।

६४. "एक वडा, एक प्राविधिक" व्यवस्था प्रत्येक वडामा इन्जिनियरिङ प्राविधिकको व्यवस्था गरिनेछ, जसले योजना अनुगमन, प्राविधिक सहायता र गुणस्तर सुनिश्चितता गर्नेछ।

**नगर सभासदज्यूहरू,**

अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

६५. विपद प्रभावितहरूको शिघ्र उद्धार, राहत, पुनस्थापना र पुनर्निर्माणको लागि विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ। विपद व्यवस्थापन कार्यमा स्थानीय युवा एवं स्वयंसेवी संघ संस्थाहरूलाई परिचालन गरिनेछ।

६६. जलवायु नमूना कार्यक्रमसँग आवद्ध हुने गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै जलवायुबाट अनुकूलन हुने खालका कार्यहरू संचालन गरिनेछ।

६७. निजी जग्गाका खेतीयोग्य जमिनमा रहेका अनावश्यक झाडी र मिचाहा प्रवृत्तिका बोट विरूवालाई फडानी गरी डालेघाँस तथा फलफूलका विरूवा लगाउन किसानहरूलाई प्रोत्साहन गरिनेछ।

६८. नगरक्षेत्रभित्र रहेका ताल , तलैया, कुवा, पोखरी, ढुंगेधारा लगायतका प्राकृतिक जलाशय, वर पिपल, स्वामी लगायतका वृक्षहरू र परम्परागत चौतारी र पाटी पौवाको संरक्षण गरिनेछ। नगरभित्रका सडक आसपासमा विरूवा रोपी हरित सडकको अवधारणालाई कार्यान्वयन गरिनेछ।

६९. सशस्त्र प्रहरी वल नेपाल लमजुङ र सुरक्षा निकायसँग सहकार्य गरी प्रत्येक वडाबाट ३/३ जना सहभागी गराई सामुदायिक विपद् स्वयंसेवक तालिम सञ्चालन गरिनेछ। स्वयंसेवकहरू मार्फत विद्यालय, समुदाय र वस्तीहरूमा विपद् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

७०. आपतकालीन् कार्यसञ्चालन केन्द्रको स्थापन गरी सञ्चालन गरिनेछ। केन्द्रमा विपद व्यवस्थापनका पर्याप्त जनशक्ति सहित सामाग्रीहरू जोहो गरी भण्डारण गर्ने र सबै वडा कार्यालयहरूमा विपद् व्यवस्थापनका आधारभूत सामाग्रीको व्यवस्था गरिनेछ।

७१. नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ। विपद व्यवस्थापनमा प्रदेश तथा संघीय सरकारसँग साझेदारी गरिनेछ।

७२. स्थानीय नागरिक, टोल विकास संस्था र नगरपालिकाको साझेदारीमा फोहोरमैला व्यवस्थापनको कार्य गरिनेछ। वडा नं ४ को बुढीखोलाको सरसफाइ तथा मनोरञ्जन पार्कको निर्माण सम्पन्न गरी फोहोर संकलन, प्रशोधन तथा बिक्री गरी फोहोरलाई मोहोरमा बदल्ने कार्य आरम्भ गरिनेछ।

**संस्थागत विकास तथा सुशासन**

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

७३. सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिसँग आवद्ध गरी छिटो छरितो, मितव्ययी र गुणस्तरीय बनाइनेछ। नागरिक सहायता कक्षको व्यवस्थापन गरी सेवा लिन आउने नागरिकलाई सहजीकरण गरिनेछ।

७४. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण लगायतका कार्यक्रमलाई निरन्तरता दिई नगरपालिकाको सबै गतिविधिलाई मितव्ययी, पारदर्शी र जवाफदेही बनाइ गुनासो सुनुवाइलाई थप व्यवस्थित गरिनेछ ।

७५. उच्च कार्यसम्पादन भएका जनमैत्री सेवा प्रवाह गर्न तल्लीन कर्मचारीलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तता दिई दण्ड र पुरस्कारको व्यवस्थालाई वस्तुनिष्ठ बनाइ कडाईका साथ कार्यान्वयन गरिनेछ ।

७६. नगरपालिकाको वास्तविक तथ्यको आधारमा वस्तुगत विवरण अद्यावधिक तथा तयारी गरी त्यसको आधारमा आवधिक योजना तर्जुमा कार्य सम्पन्न गरिनेछ । त्रिवर्षिय वजेट प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयारी, लैङ्गिक उत्तरदायी बजेट र आयोजना बैंकको तयारी गर्ने कार्य शुरूवात गरिनेछ ।

७७. राष्ट्रसेवक कर्मचारी र शिक्षकहरूलाई कामप्रति उत्प्रेरित गर्न कर्मचारीहरूमा आधुनिक प्रविधि, अनुशासन, ज्ञान, सीप र पेशागत मर्यादा विकास गर्न विभिन्न निकायहरूको समन्वयमा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

७८. पूर्वाधार निर्माण, राजश्व संकलन, सार्वजनिक सम्पत्ति संरक्षण, बजार व्यवस्थापन, न्यायिक कार्य साथै अन्य विविध कार्य कार्यान्वयनको निगरानी तथा सहयोगका लागि नगर प्रहरी राखी परिचालन तथा सशक्तीकरण गरिनेछ।

७९. योजनाको गुणस्तर सुनिश्चित गर्न योजनाको निरन्तर र सघन अनुगमनलाई जोड दिइनेछ। उपभोक्ता समितिबाट हुने योजनाको समेत गुणस्तर परीक्षण गरिनेछ।

८०. गैरसरकारी संस्थाको गतिविधिलाई विधिसम्मत बनाउन दर्ता, सूचीकृत, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ।

८१. "समाजका लागि एक दिन "अभियानलाई निरन्तरता दिई सामाजिक गतिविधिमा नागरिकहरूलाई आवद्ध गरी नगरपालिकाको विकास र समृद्धिमा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

८२. नगरका सबै प्रकारका सरकारी, सामाजिक र सामुदायिक कार्यक्रममा खादा र व्याच लगाउन निरूत्साहित गर्ने कार्यलाई कडाईका साथ निरन्तरता दिई स्थानीय फूल र वनस्पतिका पातहरूलाई उपयोग गर्दै पुष्प व्यवसाय प्रवर्द्धनमा जोड दिइनेछ।

८३. भ्रष्टाचार विरूद्धको शुन्य सहनसशीलताको नीतिलाई कठोरताका साथ कार्यान्वयन गरिनेछ ।वित्तीय सुशासन कायम गर्दै नगरपालिकाको हालसम्मको बेरूजुलाई न्यूनीकरण गर्न बेरूजु असुली तथा कार्य प्रकृयालाई व्यवस्थित गरिनेछ ।

८४. चालु खर्चमा मितव्ययीता कायम गर्ने उपायहरूको पहिचान गरी विनियोजन दक्षता र कार्यन्वयन कुशलता कायम गर्दै विकासको प्रतिफललाई मापन योग्य बनाईनेछ ।

८५. उपभोक्ताको हित संरक्षण गर्ने अखाद्य वस्तुको विक्री वितरणमा रोक तथा कालो बजारी नियन्त्रण गर्न बजार अनुगमन गरी व्यवस्थित गरिनेछ ।खाद्य स्वच्छताका विधिहरू पालना गर्न उपभोक्ता उत्पादक र व्यापारीहरूलाई सचेत गर्दै लगिनेछ ।

८६. स्थानीय टोल विकास संस्थालाई बस्ती टोलमा शान्ति सुरक्षा र अमनचयन कायम गर्ने, दण्ड जरिवाना तथा फोहोर व्यवस्थापन शुल्क असुली गर्ने जस्ता कार्यमा परिचालन गर्न आवश्यक कार्यविधि तय गरी एकरूपता प्रदान गरिनेछ। कानून बमोजिम सो कार्य गरेबापत निश्चित प्रतिशत रकम प्रोत्साहन स्वरूप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८७. नगरपालिकाको कानून निर्माणको कार्यलाई थप व्यवस्थित गरिनेछ । आवश्यक कानूनहरूको पहिचान गर्ने र विद्यमान कानूनको परिमार्जन मार्फत समसामयिक बनाउन विधेयक समितिलाई सक्रिय बनाईनेछ।

८८. नगरपालिकाको स्थानीय सांस्कृतिक, भौगोलिक र ऐतिहासिक अवस्थाको पहिचान दिने गरी लोगो र नगर गीत तयारी गरी प्रचलनमा ल्याईनेछ ।

८९. यस पालिका भित्र बसोबास गर्ने सामाजिक जीवनमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति, उत्कृष्ट कार्यसम्पादन गर्ने टोल विकास संस्था, महिला स्वास्थ्य स्वयंसेविका, कलाकार, खेलाडी, सामाजिक अभियान्ता र पत्रकार लगायतलाई नगरपालिका स्थापना दिवसको अवसरमा पुरस्कृत र सम्मानित गरिनेछ।

९०. फरक फरक प्रदेशका स्थानीय तहसँग नगरपालिकाको भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ। एक अर्को स्थानीय तहको अनुभव र सिकाइलाई नगरपालिकाको विकास र समृद्धिको प्राप्तिमा लगाइनेछ । कर्मचारी र जनप्रतिनिधिहरूको अध्ययन र अवलोकन भ्रमणको कार्यक्रमलाई व्यवस्थित र उपलब्धिमुलक बनाइनेछ ।



खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CamScanner

९१. स्थानीय श्रम, सीप र कच्चा पदार्थबाट बनेका दुनाटपरी कागजका गिलास, बाँसका हस्तकलाका सामाग्रीह रूर माटाको भाडा उपयोगलाई प्रवर्द्धन गर्दै प्लाष्टिक उपयोगलाई निरूत्साहित गर्दै लगिनेछ।

**राजश्व प्रणाली तथा कर प्रशासन**

९२.नगरक्षेत्रभित्र नक्सा पास नगरी घर संरचना निर्माण गर्ने कार्यलाई निरूत्साहित गरिनेछ । कार्यविधि बमोजिम निर्माण भैसकेका घरहरूको अभिलेखीकरण र सूचीकरणलाई व्यवस्थित गरिनेछ ।

९३.लक्ष्य अनुसारको आन्तरिक राजस्व संकलन गर्न घुम्ती तथा घरदैलो सेवा मार्फत भूमि तथा सम्पत्ति कर, फोहोरमैला शुल्क तथा घरबाहाल कर संकलन गरिनेछ । व्यवसाय दर्ता, सूचीकरण र नवीकरण नगरेका व्यवसायीहरूको लागि घर दैलोमा पुगेर व्यवसाय दर्ता गरिनेछ । अनलाईन कर भुक्तानी प्रणालीलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।

९४.ढुंगा गिटी बालुवा तथा निर्माणमुखी पदार्थको उत्खनन् र बिक्रि वितरणलाई व्यवस्थित गर्न राजश्व संकलन ठेक्का प्रक्रियाबाट गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ। नदीजन्य पदार्थको संकलन, उत्खनन् र निकासीलाई विधिसम्मत र वास्तविक बनाउन अनुगमन र निरीक्षण कडाईका साथ निरन्तरता दिइनेछ।

९५.वार्षिक रूपमा तिर्नुपर्ने सबै कर अग्रिम भुक्तानी गरेमा छुट दिने व्यवस्था गरिनेछ। कर संकलन र परिपालनालाई अभिवृद्धि गर्न सेवा प्रवाहलाई कर चुक्तासँग आवद्ध गरिनेछ।

९६.उद्योग वाणिज्य संघसँगको सहकार्यमा नगरबासी नागरिकहरू र करदाता बीचमा कर सचेतना, वित्तीय साक्षरता र कानूनी सचेतना अभियान कार्यक्रम मार्फत कर तिर्न प्रोत्साहित गरिनेछ।

**नगर सभासदज्यूहरू,**

अब म कानून तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**कानून तर्जुमा र कार्यान्वयन**

९७.नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहको एकल अधिकार र तीनै तहका साझा अधिकारको सूचीमा रहेका कार्यक्षेत्रको नियमन, सहजीकरण र प्रवर्द्धनको लागि आवश्यकता अनुसार कानून निर्माण गर्दै लगिनेछ । नगरपालिकाको शासन सेवा र विकासको यात्रालाई विधि सम्मत, जवाफदेही, उत्तरदायी र पारदर्शी बनाइ नागरिकहरूमा सुशासनको प्रत्याभूति गर्न विद्यमान कानुनमा आवश्यक संशोधन र परिमार्जन गरिनेछ।

९८.नागरिकहरूमा न्यायको अनुभूति दिलाउन, न्यायिक समितिको कार्यलाई व्यवस्थित गर्न तथा सामाजिक ऐक्यवद्धतामार्फत भाइचाराको भावना विकास गर्न वडास्तरीय मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाइनेछ। मेलमिलापकर्तालाई अभिमुखिकरण, नियमित बैठक संचालन गर्ने तथा स्थानीयस्तरका विवादहरूलाई स्थानीयस्तरमानै मेलमिलाप मार्फत निरूपण गर्ने नीति अवलम्बन गरिनेछ र कानुनी सहजकर्ता मार्फत नगरबासीहरूलाई निशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराइनेछ।

अन्त्यमा, यस गरिमामय समारोहमा पेश गरिएको नीति तथा कार्यक्रममा सुझाव, पृष्ठपोषण दिनुहुने राजनीतिक दल, पूर्व जनप्रतिनिधिज्यूहरू, पेशाविद, बौद्धिक जगत, विकास साझेदार, उद्यमी व्यवसायीहरू, सुरक्षाकर्मीहरू, पत्रकार मित्रहरू र सम्पूर्ण नगरवासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। संघ तथा प्रदेश सरकार प्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष रूपमा संलग्न हुनुहुने उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, बिषयगत समितिका संयोजकज्यूहरू, विभिन्न विषयगत शाखा प्रमुखज्यूहरू, सम्पूर्ण सभासद्ज्यूहरू लगायत कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै राजनीतिक दल, पूर्व तथा बहालवला जनप्रतिनिधीहरू, कर्मचारीहरू, सुरक्षाकर्मीहरू, पत्रकार मित्रहरू र सबै नगरवासी आमा, बुवा, दाजुभाइ, दिदीबहिनीहरूबाट सक्रिय एवं सार्थक सहभागिताको अपेक्षा गरेको छु।

धन्यवाद।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख